Gulf Quality Endurance Passion

**NEPAL LUBE OIL LIMITED**

न्यू.का.का. २०७८।७९ च.नं. : 23

मिती : २०७८।०५।२५

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठकाण्डौ ।
info@nepalstock.com

**बिषय : तिसौं बार्षिक साधारण सभा र शेयर दाखिला खारेज किताब बन्द रहने सम्बधमा ।**

महोदय,

उपरोक्त बिषयमा यस कम्पनीको आज मिति २०७८।०५।२५ गते दिउसो २:३० मा बसेको संचालक समितिको ३५८ औ बैठकको निर्णयले कम्पनीको तिसौं बार्षिक साधारण सभा तपशिलमा उल्लेख भए बमोजिम गर्ने व्यहोरा जानकारी गराउदछौं । साथै सोहि निर्णय बमोजिम साधारण सभा प्रयोजनको निमित्त कम्पनिको शेयर दाखिला खारिजको काम मिति २०७८।०६।०५ देखि २०७८।०६।१८ सम्म बन्द रहने छ ।

१. तिसौं बार्षिक साधारण सभा हुने मिति, समय र स्थान :

मिती : २०७८।०६।१८(4th October, 2021)
समय : बिहान ११:३० बजे
स्थान : संस्थाको कार्यालय, झम्सिखेल, ललितपूरबाट virtual माध्यम Zoom App बाट सभा संचालन हूने छ ।

(हालको COVID 19 को महामारीको कारण सूरक्षा मापदण्डको पुर्ण पालना गरी कम्पनीको तर्फबाट आफ्ना शेयरधनीहरुलाई पुर्णरुपमा सुरक्षित राख्ने महत्वपुर्ण दायित्व सहित सभा सम्पन्न गर्नु पर्ने परिस्थितीका कारण Virtual माध्यमबाट उपस्थितीको निमित्त आग्रह गरिएको हो, सभा संचालन गर्ने स्थान परिस्थिती निर्क्यौल गरी फेरबदल गर्न सकिने छ।)

२ छलफलका बिषय सूचि :

क) आ.ब.२०७७।७८ को संचालक समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
ख) आ.ब.२०७७।७८ को लेखा परिक्षकको प्रतिवेदन, २०७८ आषाढ मसान्तको बासलात र आ.ब. २०७७।७८ को आय विवरण र सोही अवधिको नगद प्रवाह विवरण छलफल र पारित गर्ने ।
ग) संचालक समितिको सिफारीस गरे बमोजिम आ.ब.२०७७।७८ को मुनाफाबाट शेयरधनीहरुलाई ३०% बोनस शेयर र ५% नगद लाभांस बितरणको निमित्त स्वीकृत गर्ने ।
घ) आ.ब.२०७८।७९ को कारोवारको हिसाव लेखा परिक्षण गर्नका निमित्त लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (हालका लेखा परिक्षक पूर्न नियुक्त हुन सक्ने)
ङ) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालकहरु नियूक्ति गर्ने सम्वन्धमा ।
च) विविध

## Virtual माध्यमबाट साधारण सभा हुने सम्बधमा सामान्य जानकारी

१. .हालको COVID 19 को महामारीको कारण सूरक्षा मापदण्डको पूर्ण पालना गरी कम्पनीको तर्फबाट आफ्ना शेयरधनीहरुलाई पर्ण रुपमा सुरक्षित राख्ने महत्वपुर्ण दायित्व सहित सभा सम्पन्न गर्नु पर्ने विशेष परिस्थितीका कारणले गर्दा शेयरधनी महानूभावहरुलाई Virtual माध्यमबाट [illegible] उपस्थितीको निमित्त हार्दिक अनूरोध छ ।

NEPAL LUBE OIL LIMITED

CORPORATE OFFICE: Chaudhary Towers, Jhamsikhel, Lalitpur, Nepal. P.O. Box: 1916; T +977-1-5545891/95; F +977-1-5546223/5526455
FACTORY: Amlekhgunj, Bara, Nepal; T +977-53-570104
E nlol@nepallubeoil.com

www.nepallubeoil.com
OUR GLOBAL PARTNERS ALTHEA

Scanned with CamScanner

२ Virtual माध्यमबाट उपस्थित भएका शेयरधनीहरुलाई सभा हलमा उपस्थित भए सरह मान्यता दिइने व्यहोरा समेत जानकारी गराउदछौ । उपस्थित गणपुरक सख्या सभा सचालनको निमित्त निर्दिश्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा संचालन हुने छ ।

३ Virtual माध्यमबाट उपस्थित शेयरधनिहरुको हाजिर निजहरुले गरेको Log-in मार्फत सवैको Log-in भएको देखिने गरि प्रमाणको निमित्त फोटो खिचेर राखिने छ साथै सभा सञ्चालन अवधि भरिको Video recording गरिने छ ।

४ मिटिङ्ग ID र Password को निमित्त कम्पनीको mail ID :g.bhattarai@nepallubeoil.com मा समयमै सम्पर्क गरि प्राप्त गर्न सकिने व्यवस्था गरिएको जानकारी गराउदछौ । साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनिको पहिचान verification गरि ID र Password समयमै पठाउन हुन सक्ने प्राविधिक कठिनाईबाट बच्न कम्तीमा १ दिन अगावै ID र Password लिन समेत अनुरोध छ । साथै सोहि email address मा साधारण सभाको प्रतिवेदन समेत पठाईने छ ।

५ Virtual माध्यमबाट आफ्नो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले कम्तीमा २ दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक email g.bhattarai@nepallubeoil.com मा सम्पर्क गरि नाम टिपोट गराउनुहुन अनुरोध छ ।

६ साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयर दाखिल खारिजको काम मिति २०७८।०६।०५ देखि २०७८।०६।१८ सम्म बन्द रहने छ ।

७ साधारण सभाको सुचना र आर्थिक विवरण सेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा पठाइने छ ।

८ साधारण सभा सम्बन्धी अन्य कुराहरुको जानकारी आवश्यक भएमा कम्पनीको कर्पोरेट कार्यालय, साकेत भवन, त्रिपुरेश्वर, काठमाण्डौमा कार्यालय समयमा सम्पर्क राखी लिन सकिने छ ।

द्रष्टव्य : निर्वाचन कार्यतालिका सम्बन्धी थप जानकारीको लागि नेपाल ल्युव आयल लि. को कर्पोरेट अफिस, साकेत भवन, त्रिपुरेश्वर, काठमाण्डौं बाट लिनहुन सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

सधन्यवाद ।

नेपाल ल्युब आयल NLO

कम्पनी सचिव
नेपाल ल्युव आयल लि.

बोद्धर्थ :
श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल
श्री कम्पनी रजिष्ट्रको कार्यालय, त्रिपुरेश्वर
श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लि. पुतलिसडक
श्री सानिमा क्यापिटल लि. पुतलिसडक



Scanned with CamScanner